सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

Kankrebihar National Daily

राष्ट्रिय दैनिक

❐ वर्ष : २५ ❐ अंक : १२८ ❐ बिहिवार, ७ फागुन, २०८२ ❐ Thursday, 19 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा निर्वाचनको माहोल तातियो

उम्मेदवारहरू घरदैलोमा व्यस्त

कर्णालीमा ९४१ मतदानस्थल र एक हजार ४३७ मतदान केन्द्र रहेका छन् भने प्रदेशभर मतदाता १० लाख ३७ हजार २५० जना छन्। प्रहरीले प्रदेशका १० जिल्लामा ३५१ मतदानस्थलका ४४१ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखेको छ।

❐ नमराज तिमिल्सेना
सुर्खेत, ६ फागुन

कर्णाली प्रदेशमा यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको माहोल दिनानुदिन तात्तिँदै गएको छ। प्रदेशका १२ वटै निर्वाचन क्षेत्रमा राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरू मतदाता रिझाउन घरदैलो कार्यक्रम, कोणसभा तथा अन्तरक्रियामा व्यस्त देखिएका छन्।

नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्यूनिष्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) राप्रपा लगायतका दर्जनौ दलहरूले चुनावी अभियानलाई तीव्रता दिएका हुन्। उम्मेदवारहरू गाउँ-गाउँ पुगेर स्थानीय विकास, रोजगारी, सडक, स्वास्थ्य, शिक्षा र खानेपानीका मुद्दा उठाउँदै मत मागिरहेका छन्। कतिपय उम्मेदवारले सामाजिक सञ्जालमार्फत समेत आफ्ना एजेन्डा सार्वजनिक गर्दै युवा मतदातालाई लक्षित गरिरहेका
छन्।

जिल्ला बाहिर रोजगारी तथा अध्ययनका सिलसिलामा रहेका मतदातालाई मतदानका लागि गाउँ फर्किन दलहरूले विशेष आग्रह गरिरहेका छन्। विशेष गरी भारत, काठमाडौं तथा सुर्खेत जस्ता सहरमा रहेका कर्णालीवासीलाई आफ्नो मताधिकार प्रयोग गर्न आह्वान गर्दै फोन, सन्देश र सामाजिक सञ्जालमार्फत पनि सम्पर्क तीव्र बनाइएको छ। कर्णालीका पहाडी तथा दुर्गम जिल्लाबाट ठूलो संख्यामा युवा बाहिर रहेकाले उनीहरूको मत परिणाम निर्धारणमा निर्णायक बन्न सक्ने आकलन गरिएको छ।

यसपटक कर्णालीमा विकास, रोजगारी, पूर्वाधार र सुशासन मुख्य चुनावी एजेन्डाका रूपमा उठिरहेका छन्। अधिल्ला निर्वाचनको अनुभवका आधारमा मतदाताले उम्मेदवारको प्रतिबद्धता र विगतको कामको मूल्यांकन गर्दै निर्णय गर्ने बताइरहेका छन्।

फागुन २१ नजिकिँदै जाँदा कर्णालीको राजनीतिक माहोल थप तात्तिँदै गएको हो। निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न हुने अपेक्षाका साथ सम्पूर्ण तयारी तीव्र पारिएको प्रदेश निर्वाचन कार्यालय सुर्खेतले जनाएको छ। कार्यालयका अनुसार निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन निर्वाचन आयोगले लागू गरेको आचारसंहिता कडाइका साथ पालना गर्न अनुरोध गरिएको छ।



जिल्ला स्थित निर्वाचन कार्यालयहरूले पनि दल तथा उम्मेदवारलाई यसबारे सचेत गराएका छन्। प्रचार-प्रसारको समयसीमा, खर्चको विवरण, सार्वजनिक स्थलको प्रयोग तथा मतदाता प्रभावित पार्ने गतिविधिबारे निगरानी बढाइएको छ। जिल्ला निर्वाचन कार्यालयहरूले आचारसंहिता उल्लंघन भएमा कानुनी कारबाही हुने चेतावनी दिएका छन्।

अनुगमन टोलीहरूले विभिन्न स्थानमा टाँसिएका पोस्टर, ब्यानर तथा प्रचार सामग्रीको निरीक्षण गरिरहेका छन्। भने निर्वाचनको तयारी अन्तर्गत मतदान स्थल तथा मतदान केन्द्रको अनुगमन कार्य पनि तीव्र पारिएको छ। दुर्गम हिमाली र पहाडी भूगोल भएका जिल्लामा मतदान सामग्री ढुवानी, कर्मचारी खटाउने र पूर्वाधार व्यवस्थापनमा विशेष ध्यान दिइएको छ।

कतिपय जिल्लामा मौसम र भौगोलिक कठिनाइलाई ध्यानमा राख्दै वैकल्पिक व्यवस्थासमेत तयारी अवस्थामा राखिएको जिल्ला प्रशासन कार्यालयहरुले जनाएका छन्।

सुरक्षा व्यवस्थामा कडाई

निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नेपाल प्रहरीले सुरक्षा रणनीति तयार गरी आवश्यक जनशक्ति परिचालन गरिसकेको छ। कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार मतदान केन्द्रको संवेदनशीलता मूल्यांकन गरी सोही अनुसार सुरक्षाकर्मी खटाइने योजना बनाइएको छ।

सीमावर्ती क्षेत्र तथा विगतमा विवाद देखिएका स्थानमा विशेष निगरानी बढाइएको प्रहरीले जनाएको छ। सुरक्षा निकायले मतदातालाई निर्भीक भई मतदान गर्न आग्रह गरिरहेका छन्। कर्णालीमा करिब १४ हजार ७१९ जना बढी प्रहरी जनशक्ति निर्वाचनमा खटिने प्रदेश प्रहरी कार्यालयले जनाएको छ। तराईतिरभन्दा कर्णालीको भूगोललगायत अन्य कारणले केही चुनौती भए पनि प्रहरीले मतदाता, उम्मेदवार, मतदान केन्द्र र मतदानस्थलको सुरक्षा पूर्ण रूपमा दिने दाबी गरेको छ। तर कर्णालीमा ६०० भन्दा बढी प्रहरी जनशक्ति अपुग भएकाले त्यसको पूर्ति गर्न केन्द्रसँग माग गरिएको छ।

कर्णालीमा ९४१ मतदानस्थल र एक हजार ४३७ मतदान केन्द्र रहेका छन् भने प्रदेशभर मतदाता १० लाख ३७ हजार २५० जना छन्। प्रहरीले प्रदेशका १० जिल्लामा ३५१ मतदानस्थलका ४४१ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखेको छ। निर्वाचनलाई लक्षित गर्दै सुरक्षा निकायले जोखिम मूल्यांकन गरेपछि ती मतदान केन्द्रलाई अतिसंवेदनशील घोषणा गरिएको हो।

प्रदेश प्रहरी कार्यालयले प्रदेशका एक हजार ४३७ मतदान केन्द्रमध्ये ३०१ सामान्य र ६५१ संवेदनशील सूचीमा राखेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता रामप्रकाश शाहले जानकारी दिए। उनका अनुसार कर्णालीका कतिपय स्थानमा सडकको अवस्था राम्रो नहुँदा निर्वाचन गराउन र मतपेटिका ल्याउनेबेला हुनसक्ने समस्यालाई मध्यनजर गरी सोहीअनुसार तयारी गरिएको छ। अतिसंवेदनशील केन्द्रहरूमा सुरक्षाको विशेष व्यवस्था गरिने प्रहरीले जनाएको छ।

प्रदेशका हिमाली तथा दुर्गम जिल्लामा भौगोलिक कठिनाइ, विगतका निर्वाचनमा भएका विवाद, राजनीतिक प्रतिस्पर्धा र सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै मतदान केन्द्रको वर्गीकरण गरिएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ। कर्णालीका विभिन्न जिल्लामा रहेका अन्य मतदान केन्द्रहरूलाई संवेदनशील र सामान्य श्रेणीमा पनि राखिएको छ। अतिसंवेदनशील केन्द्रमा सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा आवश्यक परे नेपाली सेनाको समेत परिचालन गरिने तयारी गरिएको छ।

हेलिकप्टरकै भरपर्नुपर्ने बाध्यता

डोल्पाका अधिकांश स्थानमा निर्वाचन व्यवस्थापनका लागि हेलिकप्टरकै भर पर्नुपर्ने बाध्यता रहेको छ। भौगोलिक विकटताका कारण अधिकांश मतदान केन्द्रका लागि हेलिकप्टरकै सहायता लिनुपर्ने बाध्यता रहेको हो।

निर्वाचनलाई लक्षित गर्दै मतदान

सामग्री, सुरक्षाकर्मी तथा निर्वाचन कर्मचारी ओसारपोसार गर्न हेलिकप्टरकै भर पर्नुपर्ने स्थिती रहेको जिल्ला निर्वाचन अधिकारी दिलकृष्ण श्रेष्ठले बताए। उनका अनुसार भौगोलिक विकटता र सडक सञ्जालको अभावका कारण माथिल्लो डोल्पाका २३ मतदान केन्द्रमा निर्वाचन

बाँकी पृष्ठ ४

रवि र बालेनले आज वीरेन्द्रनगरमा सम्बोधन गर्ने



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ६ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) आज वीरेन्द्रनगरस्थित घण्टाघरमा आयोजित सभालाई सम्बोधन गर्न भएका छन्।

उनिहरूसङ्गै सुर्खेत तथा कर्णाली प्रदेशका उम्मेदवारहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

पार्टीले सार्वजनिक सूचना जारी गर्दै फागुन ७ गते हुने उक्त कार्यक्रमका लागि समर्थक तथा सर्वसाधारणलाई उपस्थित हुन आह्वान गरेको थियो। कार्यक्रम वीरेन्द्रनगरको मुख्य केन्द्र घण्टाघर क्षेत्रमा आयोजना गरिएको छ।

नेताद्वयले समसामयिक राजनीतिक अवस्था, सुशासन, विकास निर्माण र युवाको भूमिकाबारे धारणा राख्ने तयारी रहेको बताइएको छ। पार्टीका जिल्ला सभापति तथा सुर्खेत २ का उम्मेदवार रमेश कुमार सापकोटाका अनुसार कार्यक्रमलाई लक्षित गरी सुरक्षा तथा व्यवस्थापनको तयारी पूरा गरिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले पछिल्लो समय देशव्यापी रूपमा जनभेटघाट र संवाद कार्यक्रमलाई तीव्रता दिँदै आएको छ। सुर्खेतको कार्यक्रमलाई पनि सोही अभियानको निरन्तरता मानिएको छ।

कार्यक्रममा कर्णाली प्रदेशका पार्टी नेता कार्यकर्ता, युवा तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहने अपेक्षा गरिएको छ।

समस्याग्रस्त सहकारीका ऋणीको बैंक खाता र सम्पत्ति रोक्का

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ फागुन

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले १३ हजार ऋणीको चलअचल सम्पत्ति रोक्का राखेको छ।

कार्यालयले उक्त सम्पत्ति जफत गरी बचतकर्तालाई फिर्ता गर्नुपर्ने रकम असुलीका लागि रोक्का राखेको हो।

कार्यालयका अनुसार नेपाल सरकारबाट घोषणा गरिएका अधिकांश सहकारी संस्थाको पूँजी अपर्याप्त र असुली नहुने कर्जा उच्च छ। त्यसले गर्दा पनि बचतकर्ताको बचत रकम चाहेर पनि पूर्णफिर्ता गर्न नसकिने कार्यालयले जनाएको छ।

हाल रोक्का राखिएका चलअचल सम्पत्ति जफत मार्फत बचतकर्ताको रकम फिर्ता गर्न रकम नपुग्ने कार्यालयले जनाएको छ। समिति गठनदेखि हालसम्म २३ सहकारी संस्था जिम्मेवारीमा आएकोमा तीन सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गरी राफसाफ भएको छ। बाँकी २० सहकारीको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी कार्य गर्दै आएको छ।



समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यसम्पादन गर्ने सिलसिलामा ७४ हजार ३ सय ७ जनाबाट ४४ अर्ब ४८ करोड ९० लाख ५ हजार ६ सय २६ रुपैयाँ रकम बचत मागदाबी पेस हुन आएकोमा ४ अर्ब १२ करोड ६६ लाख ५ हजार ६ सय ५४ रुपैयाँ बचत फिर्ता र मिलान कार्य सम्पन्न भएको कार्यालयले जनाएको छ।

समितिले समस्याग्रस्त सहकारी संस्थाको ऋण असुली प्रक्रिया अन्तर्गत १३ हजार ऋणी सदस्यको बैंक खाता, सेयर तथा अचल सम्पत्ति रोक्का गरेको छ।

अचल सम्पत्ति मूल्यांकन गरी मौद्रिक कारोबार मार्फत प्राप्ति प्रक्रिया जटिल र प्रक्रियामुखी हुँदा ऋण असुली कार्य प्रभावकारी बनाउन चुनौतीपूर्ण रहेको कार्यालयले जनाएको छ। जसका कारण मागदाबी पुगेका बचतकर्ताको बचत फिर्ता गर्दै हिसाबकिताब राफसाफ फरफारक गर्न अझै समय लाग्ने कार्यालयको अनुमान छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा कार्यबोझ, कार्यप्रकृति र प्रणालीका आधारमा सहकारी सम्बन्धी विषय हेर्न दक्ष, अनुभवी र उत्प्रेरित कर्मचारी पर्याप्त नभएको कार्यालयका एक अधिकारीले बताए।

कर्मचारीको छिटोछिटो सरुवा हुनु, कार्यानुभव र कार्यप्रगतिको प्रत्यक्ष/अप्रत्यक्ष सम्बन्ध राख्ने सूचना तथा जानकारी हस्तान्तरण नहुनु जस्ता समस्याले बाँकी रहेका सहकारीको राफसाफ गर्न सहज नभएको उनी बताउँछन्।

स्वार्थको द्वन्द्व, गलत सूचना प्रवाह, अफवाह फैलाइनु र पीडितलाई कार्य प्रक्रियाबारे आश्वस्त पार्न नसक्दा समस्या झनै जटिल बनेको उनको बुझाइ छ।

मतदान किन गर्ने ?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
- योग्य जनप्रतिनिधिको छनौट गर्न।
- नागरिक कर्तव्य निर्वाह गर्न।
- जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार

विज्ञापन बोर्ड

सम्पादकीय

सडक कालोपत्रे गर्न बजेट व्यवस्थापन गर


हुङ्के-ब्यूरेनि-साझघाट-चेपाङ जामु सडक कालोपत्रेको काम धमाधम अघि बढिरहेको छ । १६ किलोमिटर लामो यो सडक बराहताल गाउँपालिका-८ हुङ्केदेखि वडा नम्बर-४ तरंगासम्म जोड्ने जीवनरेखा हो । आर्थिक वर्ष २०८०/०८१ देखि सुरू भएको यस योजनाको ठेक्का आगामी असारमा सकिदैछ । निर्माण कम्पनी खड्का, कृष्ण, श्याम एण्ड संकर जेभीले कामको आधारमा ८५ प्रतिशत प्रगति भएको दाबी गरेको छ । तर विडम्बना, यति ठूलो उपलब्धिको संघारमा पुगेको योजना अहिले बजेट अभावको चिन्तामा छ । निर्माण कम्पनीले हालसम्म गरेको कामअनुसार ११ करोड रूपैयाँभन्दा बढी भुक्तानी पाउन बाँकी छ । पूर्वाधार विकास निर्देशनालय सुर्खेतका अनुसार ५ करोड अग्रिम पेश्की कटाए पनि करिब ७ करोड रूपैयाँ अपुग देखिन्छ । स्रोत सुनिश्चित नभएको अवस्थाले निर्माण पक्षलाई अन्योलमा पारेको हो । निर्माण कम्पनीले यो सडकको काम आगामी बैशाखभित्र सक्ने तयारी गरेको छ । तर बर्खा लाग्नुअघि काम नसके हालसम्मको श्रम र लगानी नै जोखिममा पर्न सक्छ । वर्षातसँगै पहिरो, हिलो र भत्किने सम्भावनाले अधुरो सडक फेरि सास्तीको कारण बन्न सक्छ ।

यसअघि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले स्थलगत निरीक्षण गर्दै काम तीव्र बनाउन र भुक्तानीको चिन्ता नगर्न ठेकेदारलाई निर्देशन दिएका थिए । तर निर्देशन र व्यवहारबीचको दूरी घट्न सकेको देखिँदैन । पूर्वाधार विकास निर्देशनालयले बजेट अभाव हुन नदिने दाबी गरे पनि यस वर्ष योजनामा बजेट विनियोजन नहुनु स्वयंमा प्रशासनिक कमजोरी हो । समपूरक योजनाअन्तर्गतको भन्दै रकमान्तरको विकल्प खोज्नु समाधान हुन सक्छ, तर त्यो तत्काल र सुनिश्चित हुनुपर्छ । विकास आयोजनामा "पछि हेरौंला" भन्ने सोच उपयुक्त होइन । यो सडक केवल पूर्वाधार परियोजना मात्र होइन, दर्जनौं बस्तीका लागि ऐतिहासिक उपलब्धि हो । तरंगा, तेलपानी लगायतका गाउँ पहिलो पटक पक्की सडक सञ्जालमा जोडिने चरणमा छन् । वर्षौंदेखि कच्ची र धुलाम्य सडकमा जोखिमपूर्ण यात्रा गर्दै आएका स्थानीय अब सहज यातायात, सस्तो ढुवानी र आपतकालीन सेवाको पहुँचको आशामा छन् । किसानले उत्पादन गरेका तरकारी, मकै, कोदो र फलफूल अब वीरेन्द्रनगर बजारसम्म सहजै पुग्ने अपेक्षा गरिएको छ ।

उक्त क्षेत्रमा स्वास्थ्य, शिक्षा र रोजगारीका अवसर विस्तार हुने सम्भावना पनि यही सडकसँग गाँसिएको छ । यस्तो अवस्थामा बजेट अभावका कारण काम रोकिनु विकासप्रतिको संवेदनशीलताको अभाव हो । प्रदेश सरकारले प्राथमिकताका आधारमा स्रोत व्यवस्थापन गर्न सक्नुपर्छ । विकास आयोजनामा दायित्व सिर्जना भइसकेपछि रकम सुनिश्चित नगर्नु वित्तीय अनुशासनको कमजोरी हो । योजनाको प्रगति ८५ प्रतिशत पुगिसकेपछि त्यसलाई अधुरो छोड्नु भनेको राज्यको विश्वसनीयतामाथि प्रश्न उठाउनु हो । निर्माणको कामलाई समयमै सम्पन्न गरेर प्रदेश सरकारको प्रतिबद्धता प्रमाणित गर्नुपर्छ । बजेट व्यवस्थापन र कार्यान्वयनबीच समन्वय हुन सके मात्र विकासले गति लिन्छ । अन्यथा, कागजमा प्रगति र मैदानमा अन्योलको परम्परा दोहोरिरहनेछ । अब निर्णयको घडी सरकारकै हातमा छ, प्रतिबद्धता देखाउने कि बहानामा अल्झिने ?

दलहरूको प्राथमिकता बाहिर आर्थिक मुद्दा

जेन-जी आन्दोलनपछिको नयाँ परिस्थितिमा हुन लागेको निर्वाचनमा दल र उम्मेदवारले अर्थतन्त्र सुधार्ने, जनताको जीवनस्तर उकास्नेजस्ता मूलभूत मुद्दामा चासो नदिनुले हामीलाई पुरानै अवस्थामा रुमल्याउने देखिन्छ।



✍ विश्वम्भर प्याकुर्याल

२०४६ सालमा प्रजातन्त्र स्थापना हुँदा हामीलाई लागेको थियो, आर्थिक रूपले देश अर्को युगमा प्रवेश गर्नेछ । तर, अपेक्षा गरेजस्तो भएन । बहुदलकालमा ३० वर्षे पञ्चायती व्यवस्थालाई गाली गरेर हामीले समय खेर फाल्यौं ।

२०६२/६३ को आन्दोलनपछि देशमा गणतन्त्र आयो । अब चाहिँ देशले काँचुली फेर्छ भनेर दंग पर्‍यौं । अहिले पनि २४० वर्षको राजतन्त्रलाई गाली गरेर समय र ऊर्जा खेर फालिरहेका छौं ।

जेन-जी आन्दोलनपछि देशमा नयाँ राजनीतिक परिस्थिति निर्माण भएको छ । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गैरदलीय सरकार गठन भएर देश निर्वाचनमा होमिएको छ । पुराना भनिएका नेपाली कांग्रेस, नेकपा एमालेलगायत दललाई कडा टक्कर दिन नयाँ भनिएका पार्टीहरू मैदानमा उत्रिएका छन् ।

चुनाव प्रचारका क्रममा अर्को दल र उम्मेदवारलाई खुइल्याउने काम भइरहेको छ । मतदातालाई आफ्नो कुरा भन्ने र अजेन्डा बुझाउनेतिर दलहरूको ध्यान छैन । त्यसमा पनि आर्थिक अजेन्डाको विषयमा सबै मौन देखिन्छन् ।

प्रचारप्रसारमा जुन खालको अस्वस्थ प्रतिस्पर्धा देखिएको छ, यसले यो चुनावपछि पनि २०४६ र २०६२/६३ पछि बनेका सरकारको निरन्तरता हुने त होइन भन्ने संशय देखिएको छ ।

जेन-जी विद्रोह केका लागि भएको थियो? यही राजनीतिक गालीगलौजका लागि त पक्कै भएको थिएन । देशभित्र भ्रष्टाचार मौलायो, सुशासन भएन, संविधानमा देखिएको त्रुटिले राज्य सञ्चालनमा स्थायित्व आएन । विद्रोहका कारण यिनै थिए जस्तो लाग्छ ।

तर, यी सबै किन भए भनेर कसैको ध्यान गएको देखिँदैन । चाहे केपी शर्मा ओली हुन् या शेरबहादुर देउवा र पुष्पकमल दाहाल, कुनै पनि नेताले मैले भ्रष्टाचार गरेको छु भनेको हामीले सुनेका छैनौं । तर, देश त भ्रष्टाचारमा चुर्लुम्म डुबिसकेको थियो । जनता उकुसमुकुसमा थिए । राजनीति व्यापारजस्तै भएको थियो । उहाँहरूले प्रधानमन्त्रीजस्तो गरिमामय पदलाई 'म्युजिकल चियर' बनाइदिनुभयो र पालैपालो सत्ताभोगमा रमाउनुभयो ।

जेन-जी विद्रोह हुनुको पछाडि नेताहरूप्रति युवाहरूका विभिन्न असन्तुष्टि र आक्रोश थिए- तिमीहरू भ्रष्टाचारी भयौ, सुशासन दिन सकेनौ, जनताका पीडाव्यथा बुझ्न सकेनौ, आफ्नो कार्यकालमा न त प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन सक्यौ न निर्यात बढाउन सक्यौ, देशभित्र भएको पुँजी पनि उत्पादनशील क्षेत्रमा लगानी गर्न सकेनौ । पुँजीगत खर्च नसक्दा बजारमा माग र पूर्ति दुवै बढेन । बजारमा कुनै कुराको माग नभएपछि उत्पादन कसरी हुन्छ? देशभित्र पैसा छ, लगानी गर्ने वातावरण छैन । यो कुरामा जेन-जीको ठूलो असन्तुष्टि थियो ।

राजनीतिक दलका पाका उमेरका नेताहरूका कारण देशको यो हविगत भएको र परिवर्तनका लागि हामी नै राजनीतिमा आउनुपर्छ भने युवाहरू आकर्षित भएका छन् । आसन्न चुनावमा उम्मेदवारका रूपमा धेरै युवा अनुहार देखिएका छन् ।

तर, के पुराना भनिएका नेताहरूलाई गाली मात्र गरेर देश परिवर्तन हुन सक्ला? २१ फागुनमा निर्वाचन सम्पन्न भएपछि नयाँ सरकार त बन्छ नै, तर नयाँ बन्ने सरकार चिरस्थायी होला ? यसले जनताको आशाअनुरूप काम गर्न सक्ला? अर्थतन्त्र कसरी चलायमान होला? अहिलेको मूल मुद्दा यही हो ।

उपेक्षामा अर्थतन्त्रको बहस

अहिले पनि नेपालमा ३.६ प्रतिशत मानिस निरपेक्ष गरिबीको रेखामुनि बाँचिरहेका छन् । यो संख्या भनेको हाम्रो कुल जनसंख्याको १० लाख ८० हजार हो । विश्व बैंकको तथ्यांकअनुसार नेपालमा चार जनाको परिवारलाई गुणस्तरीय जीवन जिउन मासिक दुई लाख ६१ हजार रुपैयाँ (प्रतिव्यक्ति ६५ हजार २५० रुपैयाँ) आवश्यक पर्छ । यसको अर्थ हो, गरिबीको रेखामुनि बाँचिरहेका नेपालीहरूका लागि राज्यले वर्षमा ६९ अर्ब ४९ करोड ८० लाख रुपैयाँ खर्चिनुपर्ने हुन्छ ।

यस्तै, २०.२७ प्रतिशत मानिस सापेक्ष गरिबीको रेखामुनि छन् । कुल जनसंख्यामा यो संख्या ६२ लाख ६० हजार हुन्छ । यो संख्याका नागरिकलाई गुणस्तरीय जीवन दिन सरकारले महिनामा चार खर्ब दुई अर्ब ८३ करोड र वर्षमा ४८ खर्ब ३३ अर्ब ९७ करोड २० लाख रुपैयाँ खर्चिनुपर्ने देखिन्छ ।

तर, राज्यसँग नागरिकको न्यूनतम सेवा पूरा गर्न सक्ने क्षमता छ? छ जस्तो लाग्दैन । उसो भए यसको वित्तीय व्यवस्थापन कसरी गर्ने?

हाम्रा छिमेकी राष्ट्र चीन र भारत विश्वका शीर्ष तीन अर्थतन्त्रभित्र पर्ने दौडमा छन् ।

दलहरूको चुनावी नारा यसतर्फ केन्द्रित हुनुपर्ने हो । नेपाली जनताको जीवनशैली कसरी माथि उकास्न सकिन्छ? बहसको विषय यो बन्नुपर्ने हो । तर, नयाँ र पुराना भनिएका कुनै पनि दलले जनताको मूलभूत मुद्दातर्फ चासो राखेको देखिँदैन ।

विश्व यतिबेला बहुध्रुवीय प्रणालीतर्फ अग्रसर भइरहेको छ । हाम्रा छिमेकी राष्ट्र चीन र भारत विश्वका शीर्ष तीन अर्थतन्त्रभित्र पर्ने दौडमा छन्, चीन त अहिले दोस्रो ठूलो अर्थतन्त्रमै छ । हामी भने अर्थतन्त्रको बहसमा लागेर कसले राम्रो र जनमुखी मुद्दा अघि सार्ने भनेर प्रतिस्पर्धा गर्नुसाटो व्यक्तिगत गालीगलौजमा अल्झिएका छौं ।

हामीसँग अहिले बैंकिङ प्रणालीमा अत्यधिक तरलता छ । रेमिटेन्स आउने क्रम राम्रो रहे पनि परिचालन हुन सकेको छैन । पुँजीगत खर्च हुन नसकेर नेपाल सरकारको पैसा राष्ट्र बैंकमा थुप्रिएर बसेको छ । बैंकमा पैसैपैसा देखिन्छ, त्यो चलाउन सक्ने स्थिति छैन । विदेशमा बसेर डलरमा कमाउनेहरू नेपाल आउँदा दंग पर्छन् । किनकि, डलरको मूल्य बढेको बढ्दै छ ।

मुलुक सञ्चालनका लागि असल शासन प्रणाली आवश्यक पर्छ । २०७२ सालमा संविधान बनेयता कुनै पनि राजनीतिक दलले एक्लै चुनाव लड्ने साहस गरेनन् । मिश्रित निर्वाचन प्रणालीका कारण चुनावमा कुनै दलको पनि बहुमत आउन नसक्दा अस्थिर सरकार वा अस्थिर गठबन्धनको अवस्था बन्यो । १० वर्षमा १३ वटा सरकार बने । सरकार परिवर्तन द्रुत गतिमा हुँदा यसले नीतिनिर्माण, त्यसको कार्यान्वयन, सार्वजनिक सेवा प्रवाहजस्ता देशका सबै क्षेत्रमा असर गऱ्यो । भ्रष्टाचार व्याप्त भयो ।

महालेखापरीक्षकको कार्यालयको रिपोर्टलाई आधार मान्दा वार्षिक सातआठ अर्ब रुपैयाँ अनियमितता भएको देखिन्छ । अझ, अदालतमा विचाराधीन मुद्दालाई पैसामा तौलिने हो भने खर्बमा पुग्छ । राज्य संयन्त्रको निर्णय गर्ने क्षमता लम्बिँदा ढिलासुस्तीका कारण जनतामा चरम असन्तुष्टि बढेको थियो ।

अवस्था बदलिन कठिन

२१ फागुनमा चुनाव भएर नयाँ सरकार गठन भए पनि त्यसले के नै गर्न सक्ला? नेपालको जुन कर्मचारीतन्त्र छ, त्यो रातारात परिवर्तन हुने होइन । संविधान संशोधन गर्ने भनेको 'पान्डोरा बक्स' खोलेजस्तो हो । एउटा संशोधन गरेर पुग्दैन । एउटा बुँदा संशोधन गर्दा त्योसँग जोडिएर आउने अनेकौं विषय पनि संशोधन गर्नुपर्ने हुन्छ । त्यसैले त्यो बाटो गाह्रो छ ।

अहिलेको समस्याको जड भनेको सरकारको अक्षमता र गैरजिम्मेवार व्यवहार प्रमुख हो जस्तो लाग्छ । जसमा भ्रष्टाचारमा डुबेको कर्मचारीतन्त्र हावी छ ।

विश्व बैंकको तथ्यांकअनुसार गुणस्तरीय जीवन बाँच्न एउटा व्यक्तिकै लागि मासिक ६५ हजार २५० रुपैयाँ आवश्यक पर्छ । यो रकम कमाइ हुने कुरा त परै छाडौं, एक व्यक्तिले ज्यान फालेर १०-५ बजेसम्म इमानदारीपूर्वक काम गर्दा पनि उसले परिवारलाई पाल्न सक्ने अवस्था नेपालमा बनिसकेको छैन । उनीहरूको मासिक तलब बढाउन सक्ने अवस्थामा पनि हामी छैनौं । फेरि, नेपालमा एक व्यक्तिको कमाइबाट चलेका परिवार धेरै छन् । यस स्थितिमा जीविका चलाउनु नै प्रमुख सवाल भइरहेको अवस्थामा तिनको गुणस्तरीय जीवनको विषय धेरै माथिको कुरा हुन जान्छ ।

छिमेकी भारतले मुद्रास्फीतिको अवस्थासँग जुध्न 'फ्याक्टरिङ' प्रणाली अपनाउन थालेको छ । यो भनेको एउटा व्यक्तिलाई जीविकोपार्जनका लागि कति रकम आवश्यक छ र मुद्रास्फीति कति बढ्यो भन्ने हेरेर त्यसैअनुसार तलबमा मासिक वा वार्षिक रूपमा रकम थपिदिने प्रणाली हो । नेपालीहरूकै सन्दर्भमा पनि विदेशी संस्थामा काम गर्ने कामदारहरूलाई प्रत्येक महिना मुद्रास्फीतिको दरका आधारमा तलबमा समायोजन गर्ने गरिन्छ ।

हामी जुन स्थितिमा छौं, चुनाव जितेर नयाँ राजनीतिक दल सरकारमा पुगे पनि उनीहरूले रातारात परिवर्तन गर्ने सम्भावना छैन ।

हामी सामान्य रोजगारदाताको हकमा त यस्तो गर्न सकिरहेका छैनौं भने गरिबीको रेखामुनि रहेकालाई कसरी उकास्न सक्छौं? एकछिनलाई नेपाल सरकारमा इमानदारीपूर्वक काम गर्ने कर्मचारीको कुरा छोडौं, सरकार र मजदुर युनियनसँग त्रिपक्षीय सम्झौता भएर निजी क्षेत्रमा काम गरिरहेका मजदुरहरूले समेत तोकिएको तलब पाउन सकिरहेका छैनन् ।

हामी जुन स्थितिमा

छौं, चुनाव जितेर नयाँ राजनीतिक दल सरकारमा पुगे पनि उनीहरूले रातारात परिवर्तन गर्ने सम्भावना छैन । किनभने, कर्मचारीतन्त्र यही हो । बजार यही हो । कर्मचारीतन्त्रलाई कसरी पुनःसंरचना गर्ने? यसतर्फ सबै राजनीतिक दलले ध्यान दिन जरुरी छ । राज्यका निकायमा राजनीतिक भागबन्डाका आधारमा पहुँचवाला र दलका आसेपासेलाई नियुक्ति गर्ने अभ्यास बदल्न जरुरी छ ।

मुलुकमा भ्रष्टाचार र युवा बेरोजगारीको समस्या विकराल बन्दै गएको छ । यसमा सुधार गर्ने ठाउँ थुप्रै छन् । नेपालमा १६-४० वर्ष उमेरसमूहका युवा एक करोड २४ लाखको हाराहारीमा छन्, जुन कुल जनसंख्याको ४२.४ प्रतिशत हो । उत्पादनशीलताको हिसाबले यो संख्या धेरै राम्रो मानिन्छ । तर, मुलुकमा युवा बेरोजगारको संख्या २०.१ प्रतिशत छ, अर्थात् ६२ लाख ४० हजार हाराहारी युवा बेरोजगार छन् । यो युवाशक्तिलाई उपयुक्त ठाउँमा लगाउने हो भने देशको कायापलट हुन सक्छ । तर, देशमा रोजगारीको पर्याप्त अवसर नपाउँदा उनीहरू खाडी मुलुकमा आफ्नो श्रम बेच्न विवश छन् । हामीले देशभित्रै खपत गर्नुपर्ने जनसंख्यात्मक लाभ अरूले नै लिइरहेका छन् ।

नयाँ आउने सरकारले रोजगारी बढाउने सवालमा निर्ममतापूर्वक काम गर्नुपर्ने हुन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) मातहत ११ सय संस्थाले मान्यता पाएका छन् । रोजगारी बढाउने दिशामा यी संस्थाले धेरै काम गर्न सक्छन् । उनीहरूले केही काम गरेको पनि देखियो, तर त्यसको उपादेयता बजारको मागअनुसार रूपान्तरण भएको देखिँदैन ।

हामीले दक्ष कामदार उत्पादन गर्न सकिरहेका छैनौं । यसले गर्दा यहाँ भएका थुप्रै कम्पनीले छिमेकी देशबाट कामदार मगाउनुपर्ने अवस्था छ ।

जस्तै, कुनै कम्पनीले रोजगारीका लागि कामदार माग गर्दा दक्ष जनशक्ति माग्छन् । तर, नेपालमा उनीहरूले आवश्यकता अनुसारको दक्ष जनशक्ति भेटिरहेका छैनन् । यसको अर्थ नेपालमा खोजेजस्तो सीपको विकास हुन सकिरहेको छैन । हामीले दक्ष कामदार उत्पादन गर्न सकिरहेका छैनौं । यसले गर्दा यहाँ भएका थुप्रै कम्पनीले छिमेकी देशबाट कामदार मगाउनुपर्ने अवस्था छ । रोजगार क्षेत्रमा ध्यान दिनुपर्ने धेरै ठाउँ छन् । काठमाडौंमा मोटर सर्भिस, सुनचाँदीका गहना बनाउने र काठको काम गर्ने कामदारको उच्च माग छ ।

प्रवास

यूएईमा नेपाली श्रमिकका स्वास्थ्य अवस्थाबारे चिकित्सकसँग अन्तरक्रिया

संयुक्त अरब इमिरेट्स (युएई) को आबुधावीस्थित नेपाली दूतावासले नेपाली श्रमिकले भोग्नुपरेका शारीरिक तथा मानिसक समस्यामा केन्द्रित रहेर अन्तरक्रिया सम्पन्न गरेको छ । श्रमिकहरुले भोग्नुपरेका शारीरिक तथा मानसिक स्वास्थ्य समस्या र तिनीहरूको समाधान एवं रोकथामका लागि अपनाउनुपर्ने उपायहरुका बारेमा नेपाली चिकित्सकहरुसँग अन्तरक्रिया गरिएको दूतावासले जनाएको छ ।



कार्यक्रममा युएईमा कार्यरत २५ जना नेपाली चिकित्सक सहभागी थिए । चिकित्सकहरुले नेपाली श्रमिकमा शारीरिक तथा मानसिक दुवै किसिमका समस्या देखिने गरेको उल्लेख गर्दै मानसिक समस्या अझ बढी रहेको बताए ।

उनीहरुले त्यहाँ कार्यरत नेपाली श्रमिकमा विशेष गरी उच्च रक्तचाप, हृदयघातको समस्या, मिर्गौलाको समस्या, मानसिक तनावका कारण महिलासँग सम्बन्धित विभिन्न समस्या रहेको बताए । त्यस अवसरमा उनीहरुले ती समस्यालाई न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा परामर्श दिएका थिए । चिकित्सकहरुले स्वास्थ्यसम्बन्धी चेतनाको कमी, स्वास्थ्यलाई हल्का रुपमा लिने र रोग लुकाउने प्रवृत्ति, खाडी राष्ट्रमा कार्यरत वातावरणीय असरबारे पर्याप्त जानकारी नहुनु, आफ्नो स्वास्थ्य बिमाका बारेमा अनभिज्ञता र भाषाको समस्याका कारण धेरैजसो नेपाली श्रमिकहरु स्वास्थ्य जाँच गराउन समयमै अस्पताल नजाने गरेको उल्लेख गरेका थिए ।

उनीहरुले श्रमिकलाई नियमित रुपमा कम्तीमा छ महिनामा एकपटक स्वास्थ्य जाँच गराउन, पर्याप्त मात्रामा पानी पिउन, मदिरा सेवन त्याग्न, स्वास्थ्य बिमाबारेमा जानकारी लिन पनि सुझाव दिए ।

उनीहरुले राजदूतावासले स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई युएईमा तीव्रता दिन अति आवश्यक भएको बताए ।

मानसिक रोगबाट पीडितको उपचारका लागि नेपाल सरकारसँग समन्वय गरी नेपालबाट टेलिमेडिसिन सेवा प्रदान गर्न पनिसुझाव दिए ।

युएईमा आउने श्रमिकलाई नेपालमा नै स्तरीय स्वास्थ्य जाँचको व्यवस्था स्तरीय अस्पतालमा हुनुपर्ने र यूएई आउनुअघि अभिमुखिकरण तालिममा स्वास्थ्य, बिमा र युएईको हावापानी, सडक सुरक्षा तथा दुर्घटनासम्बन्धी विस्तृत चेतनामूलक तालिम तथा प्रशिक्षण दिनुपर्ने कुरा बताए।

त्यस अवसरमा यूएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले युएईमा रहेका नेपाली चिकित्सकहरुले आफ्नो क्षेत्रबाट चिकित्सा क्षेत्रमा तथा युएईमा कार्यरत नेपाली समुदायलाई पुऱ्याएको योगदानको प्रशंसा गर्दै प्राप्त अमूल्य सुझावलाई कार्यान्वयन गर्न राजदूतावास तत्पर रहेको बताए । साथै आगामी दिनमा राजदूतावाससँगको समन्वयमा विभिन्न स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने विषयमा सबै इमिरेट्सहरुमा रहेका नेपाली चिकित्सकहरुको सक्रिय सहयोग र हातेमालोका लागि अनुरोध गरे ।

प्रेरक प्रसंग

धैर्यता नै हो जीवनको सफलता

धैर्यता शब्द संस्कृतको धीरताबाट आएको हो जसको अर्थ चित्तको स्थिरता र मनको दृढ़ता भन्ने हुन्छ । जीवन एउटा लामो धैर्यता हो । धैर्यता नै जीवन न हो । जतिपनि घटना र दुर्घटना हुन्छन् ।

तिनिहरुलाई धैर्यताले मात्र परास्त गर्न सक्छ । यो एउटा सस्क्त अस्त्र हो । प्रमाणित साधन हो । जो समय जत्तिकै बलवान् छ । समयसँग समान महत्व राख्छ । त्यो समय पर्खन धर्य चाहिन्छ । भनिन्छ, मानिस परि स्थितिले होइन मनस्थितिले टुट्छ । त्यसैले मनस्थिति बलियो बनाउनु पर्छ । मनस्थिति बलियो बनाउन धैर्यवान हुनुपर्छ । आत्मविश्वास र आत्मबल उच्च हुनुपर्छ ।

राजा रोबर्ट ब्रुजले १२ चोटी युद्ध गरे । तर, १२ चोटी नै युद्धमा हार बेहोर्नुपऱ्यो । उनी फेरि १३ औं चोटी युद्धको मैदानमा होमिए । त्यो बेला पनि युद्धमा हार नै बेहोर्नुपऱ्यो र अन्त्यमा उनी एउटा गुफामा लुक्न बाध्य भए । गुफामा लुक्दा उनले देखे- एउटा माकुराले जालो बुन्दै जान्थ्यो गइरहेको थियो । तर, माकुराले हिम्मत हारेन र लगातार जालो बनाउँदै गयो । अन्त्यमा माकुराले पूरा जालो बनाएरै छोड्यो । यो सब राजा ब्रुजले हेरिरहेका थिए । उनले माकुराले जालो बुनेको बारे धेरै सोचे र फेरि उनी युद्धका लागि तयार भएर पछिल्लोपटक युद्धको मैदानमा होमिए । त्यो युद्धमा उनले विजय प्राप्त गरेरै छाडे ।

हरेक कुराका दुईवटा पाटा हुन्छन् । एउटा सकारात्मक र अर्को नकारात्मक । हामीले जीवनमा जति पनि काम गर्छौं त्यसको परिणाम पनि कहिले सकारात्मक आउँछ भने कहिले त्यही नै कामको परिणाम नकारात्मक आउन सक्छ । तर, नकारात्मक आयो भन्दैमा फेरि त्यो काम नगर्ने भन्ने हुँदैन । हो, कहिले काहीं कुनै कामको परिणाम हामीले सोचेअनुरूप नआउन पनि सक्छ । तर, यस्तो बेलामा हरेस खानु भनेको जीवनमा असफल हुनु हो । कुनै काम सजिलै हुन्छ भने कुनै कामका लागि बढी नै मिहिनेत गर्नुपर्ने हुन्छ । मिहिनेत गर्ने मान्छेमा धैर्यता हुन अति आवश्यक हुन्छ ।

प्रायः समाजमा दुईथरी मान्छे देखिन्छन् । एउटा सफल व्यक्ति र अर्को असफल व्यक्ति । यी दुईलाई दाँजेर हेरियो भने यी दुईमा धेरै भिन्नता पाउन सकिन्छ । सफल व्यक्तिमा धैर्य गर्ने क्षमता धेरै हुन्छ भने असफल व्यक्तिमा धैर्य गर्ने क्षमता निकै कम हुन्छ जसको कारण उसले असफलता मात्र देख्नुपरेको हुन्छ ।

जुन व्यक्तिमा धैर्यता भन्ने चीज हुँदैन त्यस्तो व्यक्ति अरू व्यक्तिमा बढी आशावादी हुन्छ । यस्तो व्यक्ति आफूले चाहेअनुरूप नै अरू होस् भन्ने अपेक्षा राख्दछ र त्यो पूरा नभएमा धैर्यता गुमाउन पुग्दछ । जसकारण ऊ असफलताको सँघारमा पुग्दछ । किनभने कुनै पनि चीज सफल हुन गाह्रो हुन्छ र गाह्रो काम गर्न धैर्यता भन्ने चीज आवश्यक हुन्छ ।

यदि माकुराले जालोको धागो चुँडियो भनेर फेरि जालो बुन्ने कोसिस नगरेको भए शायद उसले कहिल्यै जालो बुन्न सक्दैनथ्यो होला । माकुराले कोसिस गऱ्यो जालोका लागि र काम पनि सफल भयो । साथै ऊ अरू कसैको प्रेरणाको स्रोत पनि बन्यो । जीवनको हरेक क्षेत्रमा धैर्यको निकै आवश्यकता छ । हामीमा जन्मेदेखि नै धैर्यता भन्ने चीज हुनुपर्छ । बच्चा जन्मनेबित्तिकै हिँड्ने र बोल्ने हुँदैन । बच्चाहरू विस्तारै हिँड्छन् । हिँड्दा लड्छन्, फेरि उठ्छन् र फेरि हिँड्छन् । यसरी अन्त्यमा राम्ररी हिँड्न सक्छन् । यदि एकपल्ट लड्यो भनेर हिँड्न छोड्यो भने के त्यो बच्चा फेरि हिँड्न सक्ला त रु कदापि सक्दैन । यसका लागि हिम्मत र धैर्यता हुनुपर्छ । हामीमा कुनै पनि चीजका लागि धैर्यता आवश्यक पर्दछ । वैज्ञानिकहरू एउटा सानो कुरो थाहा पाउनका लागि वर्षौंसम्म मिहिनेत गर्छन् र अन्त्यमा सफल भई आफ्नो नाम विश्वसामु चम्काउन पुग्छन् । कतिपय समयमा एउटा कुरा थाहा पाउनका लागि थुप्रै मिहिनेत गर्नुपर्दछ, जसका लागि धैर्यता भन्ने चीज अति आवश्यक हुन्छ ।

अधैर्य भए भन्न सकिन्न धैर्य भए जीवन रहन्छ ।

जरिवाना उठ्यो ९ लाखभन्दा बढी, तर दुर्घटना रोकिएन

काँक्रेबिहार संवाददाता
सुर्खेत, ६ फागुन



प्रदेश राजधानी वीरेन्द्रनगरसहित सुर्खेतका सडक पछिल्लो समय झनै असुरक्षित बन्दै गएका छन्। बढ्दो सवारी चाप, ट्राफिक नियमको बेवास्ता र अव्यवस्थित सडक संरचनाका कारण जिल्लामा सडक दुर्घटनाको दर चिन्ताजनक रूपमा बढेको देखिएको छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतको पछिल्लो तथ्याङ्कले यहाँको सडक सुरक्षाको अवस्था गम्भीर बन्दै गएको संकेत गरेको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार गत माघ महिनामा मात्रै सुर्खेतमा ७३ वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा पाँच जनाले ज्यान गुमाएका छन्, जसमा दुई महिला र तीन पुरुष रहेका छन्। दुर्घटना ज्यानमात्र लिने होइन, अंगभंग र दीर्घकालीन चोटको कारणसमेत बन्दै गएको छ। सोही अवधिमा २३ जना गम्भीर घाइते भएका छन् भने ६१ जना सामान्य घाइते भएका छन्। एक महिनामै ८९ जना मानिस प्रत्यक्ष रूपमा सडक दुर्घटनाबाट प्रभावित हुनु चिन्ताको विषय बनेको छ।

दुर्घटनामा परेका सवारी साधनको विवरण हेर्दा मोटरसाइकल र स्कुटर सबैभन्दा बढी जोखिममा देखिएका छन्। कुल ७३ दुर्घटनामध्ये ३५ वटा मोटरसाइकलसँग सम्बन्धित छन्। त्यस्तै १३ जिप तथा कार, १० टेम्पो, ८ माइक्रो/टिप्पर र ५ ट्याक्टर दुर्घटनामा परेका छन्। तीव्र गति, जथाभाबी ओभरटेक र सुरक्षात्मक उपायको बेवास्ता मोटरसाइकल दुर्घटनाको मुख्य कारण रहेको प्रहरीको विश्लेषण छ।

ट्राफिक नियम उल्लङ्घन गर्ने विरुद्ध प्रहरीले कारबाहीलाई तीव्र बनाएको छ। माघ महिनाभर १ हजार २२ वटा सवारी साधनलाई कारबाही गरिएको छ। यसबाट ९ लाख ३९ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढथापाले जरिवाना असुली मात्र दुर्घटना न्यूनीकरणको दीर्घकालीन समाधान नहुने बताएका छन्।

सडक संरचना र चेतनाको अभाव

वीरेन्द्रनगरका साँघुरा सडक, अव्यवस्थित पार्किङ, कमजोर ट्राफिक व्यवस्थापन र चालकको तीव्र गतिप्रतिको मोह दुर्घटना बढ्नुका प्रमुख कारण मानिएका छन्। विशेषगरी भित्री सडकहरूमा ट्राफिक संकेतको पालना नहुनु र अनियन्त्रित गति मुख्य चुनौती बनेको छ। सडक सुरक्षामा सुधार ल्याउन कारबाहीसँगै जनचेतना अभिवृद्धि, सडक पूर्वाधार सुधार तथा दीर्घकालीन ट्राफिक व्यवस्थापन रणनीति आवश्यक देखिएको छ।

वीरेन्द्रनगर निर्णायक, सुर्खेत-२ मा कडा प्रतिस्पर्धा



काँक्रेबिहार संवाददाता
सुर्खेत, ६ फागुन

प्रदेश राजधानीसमेत रहेको सुर्खेत क्षेत्र नम्बर-२ मा यसपटकको निर्वाचन रोचक हुने संकेत देखिएको छ। रोचक यस अर्थमा कि लामो समयदेखि यही क्षेत्रबाट राजनीतिक यात्रा गरेका अनुभवी नेताहरू यसपटक चुनावी मैदानमा छैनन् र उनीहरूको स्थान नयाँ तथा युवा अनुहारहरूले लिएका छन्।

२०४८ सालयता अधिकांश निर्वाचनमा नेपाली काग्रेस र नेकपा ९एमाले० बीच मुख्य प्रतिस्पर्धा हुँदै आएको यस क्षेत्रमा यसपटक समीकरण बदलिएको छ। दशकौंदेखि आमनेसामने प्रतिस्पर्धा गर्दै आएका काग्रेसका हृदयराम थानी र एमालेका यामलाल कँडेल दुवै यसपटक प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार छैनन्। कँडेल हाल प्रदेशका मुख्यमन्त्रीका रूपमा सक्रिय छन् भने थानीले स्वास्थ्य कारण देखाउँदै विश्राम लिएपछि पहिलोपटक नयाँ पुस्ताबीच प्रतिस्पर्धा देखिन लागेको हो।

संघीय पुनर्संरचनापछि साविकको क्षेत्र नम्बर-३ समेत समेटिएको यो क्षेत्रमा वीरेन्द्रनगर नगरपालिकाका १४ वडासहित बराहताल, पञ्चपुरी र चौकुने गाउँपालिका पर्छन्। वीरेन्द्रनगरलाई नै यो क्षेत्रको हार-जित तय गर्ने निर्णायक आधार मानिन्छ।

यसपटक काग्रेसले थानीका निकट सहयोगी तथा पार्टीका पूर्व क्षेत्रीय सभापति नारायण कोइरालालाई उम्मेदवार बनाएको छ। एमालेबाट जिल्ला अध्यक्ष कुलमणि देवकोटा मुख्य प्रतिस्पर्धीका रूपमा उभिएका छन्। दुवै उम्मेदवार वीरेन्द्रनगरकै बासिन्दा भएकाले स्थानीय मतदाता नै निर्णायक हुने अनुमान गरिएको छ।

परम्परागत दलसँगै यसपटक वैकल्पिक राजनीतिक शक्तिहरूले पनि बलियो उपस्थिति जनाएका छन्। सशस्त्र द्वन्द्वकालदेखि राजनीतिमा सक्रिय झकबहादुर मल्ल नेकपा बाट उम्मेदवार छन् भने राष्ट्रिय स्वतन्त्र पार्टीबाट यातायात व्यवसायी रमेश सापकोटा चुनावी मैदानमा छन्। रास्वपामा प्रवेश गर्नुअघि काग्रेसका नगर सचिव रहेका सापकोटाले पुराना दलप्रतिको असन्तुष्टिलाई मतमा रूपान्तरण गर्ने रणनीति लिएका छन्।

कुल १७ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहे पनि मुख्य भिडन्त काग्रेस, एमाले, नेकपा र रास्वपाबीच हुने देखिन्छ। विगतको मतपरिणाम हेर्दा २०७९ को निर्वाचनमा काग्रेसका थानीले करिब पाँच हजार मतान्तरले एमालेका अमृत बुढाक्षेत्रीलाई पराजित गरेका थिए। यद्यपि समानुपातिकतर्फ २५ हजार मतसहित एमाले पहिलो स्थानमा रहेको थियो। यसपटक रास्वपाका सापकोटाले कसको मत बढी प्रभावित पार्छन् भन्ने प्रश्नले परिणाम निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ। यदि रास्वपाले काग्रेसको परम्परागत मतमा क्षति पुऱ्यायो भने एमालेलाई फाइदा पुग्न सक्छ। तर रास्वपाले एमाले र माओवादीको मतसमेत तान्न सके काग्रेसलाई आफ्नो आधार जोगाउन सहज हुने विश्लेषण गरिएको छ। यसरी, पुराना दिग्गजको अनुपस्थितिमा नयाँ अनुहारबीचको प्रतिस्पर्धाले सुर्खेत-२ को निर्वाचनलाई यसपटक विशेष चासोको केन्द्र बनाएको छ।

उम्मेदवारसँग पुल माग गर्दै बाजुराका मतदाता

काँक्रेबिहार संवाददाता
बाजुरा, ६ फागुन



कर्णाली नदीपारि रहेको स्वामिकार्तिक खापर गाउँपालिकाका स्थानीयवासीले कर्णाली नदीमा सञ्चालनमा रहेको फेरी (डुङ्गा सेवा) हटाएर स्थायी पुल निर्माण गर्न उम्मेदवारसँग माग गरेका छन्। हाल नदीमा राखिएको फेरीको सहाराले हिउँद महिनामा सवारी साधन वारपार हुने गरेको छ। यसले दैनिक उपभोग्य सामग्री ढुवानीमा केही सहजता ल्याए पनि बर्खायाममा नदीमा पानीको बहाव बढ्दा फेरी सञ्चालन बन्द हुने गर्छ। जसका कारण यातायात पूर्ण रूपमा अवरुद्ध हुने गरेको स्थानीयको गुनासो छ। स्वामिकार्तिक खापर गाउँपालिका-का स्थानीय वीरभान विक भन्छन्, "हिउँदमा फेरीले गाडी वारपार गराए केही सहज भएको छ। तर बर्खामा बन्द भएपछि सबै यातायात ठप्प हुन्छ। त्यसैले स्थायी समाधानका लागि पक्की पुल आवश्यक छ। स्थानीयका अनुसार चुनावी अभियानका क्रममा गाउँमा आउने उम्मेदवारहरूसँग उनीहरूले कर्णाली नदीमा पक्की पुल निर्माण गर्नुपर्ने माग राख्दै आएका छन्। हिउँद र बर्खा दुवै समयमा सवारी सञ्चालन हुने व्यवस्था मिलाउन पुल निर्माण अपरिहार्य रहेको उनीहरूको भनाइ छ। गाउँपालिकाले अधिकांश वडामा ग्रामीण सडक पुऱ्याएको जनाएको छ। कतिपय बस्तीमा अझै सडक विस्तारको काम जारी छ। तर कर्णाली नदीमा पुल नहुँदा सडक सञ्जाल पूर्ण रूपमा उपयोग गर्न नसकिएको अवस्था छ। गाउँपालिकाका अध्यक्ष भरतबहादुर रोकायाका अनुसार फेरी सञ्चालन भएपछि हिउँदमा यातायात सुविधा विस्तार भएको र स्थानीयको जीवनशैलीमा समेत सकारात्मक परिवर्तन आएको छ। "हामीले अधिकांश वडामा सडक पुऱ्याएका छौं।

फेरीका कारण ती सडकमा गाडी गुड्न सकेका छन्," उनले भने, "तर दीर्घकालीन समाधानका लागि पुल आवश्यक छ भन्ने कुरा हामीले पनि सम्बन्धित निकायमा राख्दै आएका छौं। स्थानीयवासीका अनुसार पुल निर्माण भए वर्षैभरि यातायात सञ्चालन सम्भव हुने र बर्खायाममा दैनिक उपभोग्य सामग्री पिठ्युँमा बोकेर ल्याउनुपर्ने बाध्यता अन्त्य हुने थियो।

मतदान केन्द्र पुग्नै सकस, घण्टौ समय लाग्ने

काँक्रेबिहार संवाददाता
मुगु, ६ फागुन

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मुगु जिल्लामा तोकिएका ६९ मतदान केन्द्रमध्ये ६७ वटा मतदान स्थल विद्यालय भवनमै राखिएको छ। बाँकी एक मतदान केन्द्र नेपाल विद्युत् प्राधिकरणको गमगाढ वितरण केन्द्रमा राखिएको छ। जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी नायब उपरीक्षक डिएसपी रवीन्द्र थपलियाका अनुसार यसपटकको निर्वाचन सुरक्षामा मतदान स्थलको भौतिक संरचना, पहुँच मार्ग र सुरक्षा व्यवस्थापन मुख्य चुनौतीका रूपमा रहेका बताएका छन्। जिल्लका सबै ६७ मतदान स्थलमध्ये १४ वटा सामान्य, १९ वटा संवेदनशील र ३४ वटा अति संवेदनशील वर्गमा राखिएका छन्। धेरैजसो मतदान स्थलसम्म सडक पहुँच नपुगेको अवस्थामा रहेको जनाउँदै डिएसपी थपलियाले सडकबाट पुग्न करिब चार घण्टा लाग्ने र फर्कन करिब साढे दुई घण्टा समय लाग्ने जानकारी दिएका हुन्। उनका अनुसार ६५ वटा मतदान स्थलमा इन्टरनेट सेवा उपलब्ध छैन, यद्यपि फोन सम्पर्क भने सम्भव छ। जिल्ला प्रहरी कार्यालयले विद्युत् प्राधिकरण र सामुदायिक विद्यालय भवनको संरचनागत अवस्था, पहुँच मार्ग, घेराबार, कोठा व्यवस्थापन र आपत्कालीन अवस्थालाई आधार मानेर सुरक्षा योजना परिमार्जन गरेको जनाएको छ। मतदान स्थलको संरचनाअनुसार सुरक्षा घेरा, प्रवेश-निगमन मार्ग, मतदाता लाइन व्यवस्थापन र मतपेटिका सुरक्षित राख्ने स्थानका लागि अलग-अलग योजना बनाइएको छ। कतिपय विद्यालय भवनमा कक्षाकोठा पर्याप्त भए पनि घेराबार कमजोर रहेको, खुला चौर तथा बहुविकल्पीय प्रवेश मार्ग भएका कारण अतिरिक्त सुरक्षा सतर्कता अपनाउनुपर्ने अवस्था रहेको प्रहरीले जानकारी दिएको छ। साथै ग्रामीण क्षेत्रका साँघुरा र कच्ची सडक तथा उच्च भूभागमा रहेका मतदान स्थलमा मौसमजन्य जोखिमलाई समेत ध्यान दिइएको छ। हुरी, वर्षा वा हिमपातको सम्भावनालाई मध्यनजर गर्दै वैकल्पिक सुरक्षा र ढुवानी योजना तयार गरिएको डिएसपी थपलियाले बताएका हुन्। मतदान स्थल सुरक्षाका लागि नेपाल प्रहरीका २६० जना र निर्वाचन प्रहरीका ६२५ जना खटाइने योजना रहेको छ। मोबाइल गस्तीका लागि ६ वटा टोली परिचालन गरिनेछ। निर्वाचनअघि हातहतियार सङ्कलन, फरार व्यक्तिको खोजतलास, उम्मेदवार तथा निर्वाचन अधिकृतको कार्यालय सुरक्षा र राजनीतिक दलसँग समन्वयलाई तीव्र बनाइएको छ।

बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कुनाथरी, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने। १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ।

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने। १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
९. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१०. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
११. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१२. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१३. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१४. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ।

मतदान स्थलको अनुगमन तीव्र

❐ **काँक्रेबिहार संवाददाता**
सल्यान, ६ फागुन

आगामि फागुन २१ गते हुन गहिरहेका प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै जाँदा सल्यानमा मतदान केन्द्रहरूको अनुगमनलाई तीव्र बनाइएको छ। एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेको यहाँ कुल १ सय १७ मतदान स्थल र २ सय ५ मतदान केन्द्र निर्धारण गरिएको छन् तीमध्ये ४३ वटा मतदान स्थल 'अति संवेदनशील' सूचीमा परेका छन्।

सम्भावित सुरक्षा चुनौती, भौगोलिक विकटता र विगतका निर्वाचन अनुभवलाई आधार मानेर ती क्षेत्रहरूलाई अति संवेदनशील श्रेणीमा राखिएको हो। जिल्ला प्रशासन कार्यालय, निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालयले संयुक्त रूपमा ती मतदान स्थलहरूको स्थलगत निरीक्षण गरी सुरक्षा अवस्था, पहुँच मार्ग, सञ्चार सुविधा तथा आपतकालीन व्यवस्थापनको अवस्थाबारे सरकारवा पक्षले समीक्षा गरेका छन्।

प्रतिनिधि सभा निर्वाचन आउन अब १५ दिन मात्र बाँकी रहँदा जिल्लामा चुनावी माहोल बढेको छ। उम्मेदवारहरू विकास, रोजगारी, सडक सञ्जाल विस्तार, कृषि आधुनिकीकरण तथा आधार भूत सेवामा सुधारका प्रतिबद्धता लिएर जनतामाझ घरदैलोमा पुगेका छन्। गाउँ-बस्तीमा चुनावी बहस, छलफल, भेटघाट र प्रचारप्रसार कार्यक्रम तीव्र बनेका छन्।

जिल्ला सुरक्षा समितिले मतदातालाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा मतदान गर्ने सुनिश्चितता दिन सुरक्षा व्यवस्थालाई मुख्य प्राथमिकतामा राखेको जनाएको छ। संवेदनशील र अति संवेदनशील मतदान स्थलमा विशेष निगरानी, नियमित गस्ती, चेकजाँच तथा आवागमन व्यवस्थापनको योजना बनाइएको छ। वनगाड कुपिण्डे नगरपालिका १२ का विमलराज डि.सीले निर्वाचनप्रति मतदातामा उत्साह देखिएको बताए। विगतका वर्षको तुलनामा यसपटक सुरक्षा व्यवस्थापन सुदृढ देखिएको उनको भनाइ छ। दार्मागाउँपालिका १ लोकवहादुर ओलीले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुने विश्वास व्यक्त गर्दै सबै पक्ष संयमित र जिम्मेवार हुनुपर्ने बताए।

सल्यानको भौगोलिक बनावट निर्वाचन व्यवस्थापनका लागि चुनौतीपूर्ण मानिएको छ। पहाडी तथा दुर्गम भूभाग, कच्ची सडक, कमजोर सञ्चार सञ्जाल र लामो पैदल दूरीका कारण कतिपय मतदान स्थलमा सामग्री ढुवानी तथा मतपेटिका संकलन गर्न कठिन हुने देखिएको छ। केही दुर्गम मतदान स्थलका मतपेटिका सुरक्षित रूपमा संकलन गर्न अर्को जिल्ला हुँदै ल्याउनुपर्ने अवस्था समेत रहेको छ।

प्रमुख जिल्ला अधिकारी महेन्द्र कुमार सापकोटाले संवेदनशीलताको स्तरअनुसार सुरक्षा प्रबन्ध मिलाइएको जानकारी दिए अति संवेदनशील स्थलमा अतिरिक्त सुरक्षाकर्मी परिचालन, नियमित गस्ती तथा विशेष निगरानीको व्यवस्था गरिएका बताए। आवश्यक परे हवाई तथा वैकल्पिक मार्ग प्रयोग गरी मतपेटिका संकलन गर्ने तयारी समेत गरिएको उनको भनाइ छ।

जिल्लाका १ सय १७ मतदान स्थलमध्ये १७ वटा मात्र सामान्य श्रेणीमा परेका छन् भने बाँकी अधिकांश स्थल संवेदनशील र अति संवेदनशील सूचीमा रहेका छन्। त्यसैले सुरक्षा निकाय उच्च सतर्कतामा रहेका छन्। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, र निर्वाचन सुरक्षामा खटिने अस्थायी प्रहरीको परिचालन तयारी पूरा भएको जनाइएको छ।

जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख डा. हेमबहादुर केसीले सामान्य मतदान स्थलमा कम्तीमा ३ जना, संवेदनशील स्थलमा ५ जना र अति संवेदनशील स्थलमा कम्तीमा ७ जनासम्म सुरक्षाकर्मी परिचालन गरिने योजना बनाइएको जानकारी दिएका छन्। सुरक्षा निकायबीच समन्वयात्मक रूपमा परिचालन गरिने उनले बताए।

जिल्लामा कुल १ लाख ६२ हजार ४ सय ४९ मतदाता रहेका छन्। तीमध्ये ८३ हजार ३ सय २१ पुरुष र ७९ हजार १ सय २८ महिला मतदाता रहेका छन्। प्रतिनिधि सभा सदस्य पदका लागि १४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्।

निर्वाचन नजिकिँदै जाँदा सुरक्षा तयारी, प्रशासनिक व्यवस्थापन र मतदाताको बढ्दो उत्साहले सल्यान चुनावमय बनेको छ। जिल्लामा शान्तिपूर्ण र व्यवस्थित रूपमा निर्वाचन सम्पन्न गर्ने लक्ष्यसहित सबै निकाय तयारी अवस्थामा रहेका छन्।

उम्मेदवारहरू...

व्यवस्थापनका लागि हेलिकप्टर प्रयोग गर्नैपर्ने बाध्यता छ।

'जिल्लाका उत्तरी क्षेत्रमा पर्ने माथिल्लो डोल्पाका शे-फोक्सुण्डो, छार्का ताङ्सोङ र डोल्पोबुद्धका बस्तीहरूमा सडक पहुँच नहुँदा पैदल यात्रा गर्नुपर्ने बाध्यता छ' उनले भने, 'पैदल हिँड्दा धेरै दिन लाग्ने भएकाले हेलिकप्टर नै प्रयोग गर्नुपर्ने अवस्था आएको छ।'

उनका अनुसार माथिल्लो डोल्पाका गाउँबस्तीहरू भौगोलिक रूपमा निकै विकट छन्। त्यहाँ सडक सञ्जालको पहुँच छैन। त्यसैमा पटकपटकको हिमपातले बाटोहरू बन्द छन्। भने निकै चिसो बढेकाले पैदल आउजाउ गर्न समेत सम्भव छैन। मतदान सामग्री समयमै सुरक्षित रूपमा मतदान केन्द्रमा पुऱ्याउन र कर्मचारीको आवतजावत सहज बनाउन हेलिकप्टर प्रयोग गर्नुपर्ने अवस्था छ। केहि दिन लगाएर मान्छे विस्तारै पैदल आउजाउ गरे पनि मतपेटिका ओसारपोसार गर्न हेलिकप्टर प्रयोग गर्नुपर्ने भएको हो। प्रतिनिधिसभा निर्वाचन क्षेत्र एक मात्र रहेको डोल्पामा कूल २४ हजार ११५ मतदाता रहेका छन्। जसमा महिला १२ हजार १८७ र पुरुष मतदाता ११ हजार ९२८ जना छन्। कूल ६८ वटा मतदान केन्द्रमध्ये २६ मतदान केन्द्रलाई अतिसंवेदनशीलको सूचीमा राखिएको छ भने २४ संवेदनशील र १८ सामान्यको सूचीमा राखिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। कार्यालयका अनुसार २३ वटा मतदान केन्द्र भौगोलिक तथा सुरक्षा चुनौतीका हिसाबले र तीनवटा मतदान केन्द्र राजनीतिक हिसाबले अतिसंवेदनशीलको सूचीमा राखिएको हो। भौगोलिक हिसाबले अतिसंवेदनशीलको सूचीमा राखिएका मतदान केन्द्रहरू अधिकांश माथिल्लो डोल्पाका रहेका छन्।

निर्वाचन सुरक्षाका लागि डोल्पामामा कूल ३५५ जना नेपाल प्रहरी र ५७९ जना निर्वाचन प्रहरी परिचालन गरिएको छ। त्यस्तै तीन/तीन सयकै हाराहारीमा नेपाली सेना र सशस्त्र प्रहरी बल समेत परिचालन गरिने छ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४
मा सम्पर्क गर्नुहोला ।

प्रदेश अस्पतालको जनहितमा जारी सन्देश !

'सुन्दर व्यवस्थित साधन सम्पन्न समग्र स्वास्थ्य सेवाको सञ्जाल, सामुदायिक संगलग्नता र सहयोगयुक्त उत्कृष्ट नमूना प्रदेश अस्पताल'

प्रदेश अस्पतालबाट दिईने सेवाहरू :

- ❐ पेट, छाती, मुटु, हाडजोर्नी तथा नसा, बाल रोग, स्त्री रोग तथा प्रसूति निःसन्तान, जनरल सर्जरी अप्रेशन सम्बन्धी सेवा
- ❐ २४ सै घण्टा इमरजेन्सि र ल्याव सेवा, अल्ट्रासाउण्ड भिडियो एक्सरे सेवा
- ❐ ईन्डोस्कोपी इ.सी.जी. र इको कार्डियोग्राफि सेवा, गरीब असहायलाई निःशुल्क सेवा
- ❐ पाठेघर खस्ने समस्याको निःशुल्क शल्यक्रिया गरिने, पिसाब चुहिने रोगको जाँच तथा उपचार सेवा
- ❐ नाक, कान, घाँटी, छाला, यौन तथा कुष्ठरोग, मनोरोग सम्बन्धी सेवा
- ❐ फिजियोथेरापी, डायलसिस, प्याथोलोजी, आई.सि.यु. न्युरो आई.सि.यु. तथा एन आई.सि.यु, र अस्पताल फार्मेसी सेवा २४ सै घण्टा
- ❐ मेमोग्राफी, मृगौलाको पत्थर नचिरेर फुटाउने तथा लेजरबाट मृगौलाको पत्थर को शल्यक्रिया सेवा
- ❐ हर्निया, एपेन्डिक्सको नचिरेर मेसिनबाट शल्यक्रिया, न्युरो सर्जरी तथा स्पाईन सर्जरी सेवा
- ❐ दाँत तथा मुख सम्बन्धि सेवा र २४ सै घण्टा एम्बुलेन्स तथा शव वाहन सेवा

प्रदेश अस्पताल
वीरेन्द्रनगर सुर्खेत

- ◆ अरूले गरेको धूमपानको असरले हरेक वर्ष १० लाखन्दा बढी मानिसको मृत्यु हुने गरेको छ।
- ◆ धूम्रपान नगर्ने तर अरूले गरेको धूम्रपानको सम्पर्कमा आउन व्यक्तिहरूमा फोक्सोको क्यान्सर हुने जोखिम बढ्छ।
- ◆ आगलागीका घटना र त्यसबाट मृत्यु हुने एउटा प्रमुख कारण चुरोट पनि हो।
- ◆ ई-सिगरेटहरूले पनि छेउछाउमा रहेका धूम्रपान नगर्ने अन्य व्यक्तिमा निकोटिन र हानिकारक रसायनको सञ्चार गर्दछ।
- ◆ अरूले गरेको धूम्रपानको सम्पर्कमा आउँदा यसले क्षयरोगको सुसुप्त सङ्क्रमणलाई सक्रिय रोगको रूपमा विकास हुने जोखिम बढाउँछ।
- ◆ अरूले गरेको धूम्रपानको सम्पर्कमा आउँदा यसले टाइप २ मधुमेह विकास गराउँछ।
- ◆ बालबालिकाको वरिपरि धूमपान गर्दा वा ई-सिगरेट पिउँदा यसले उनीहरूको स्वास्थ्य र सुरक्षाका लागि जोखिम निम्त्याउँछ।
- ◆ सुर्तीले तपाईको दाँत पहेँलो हुन्छ र दाँतको वरिपरि धेरै फोहर (दन्तेलेउ) बढाउँछ।
- ◆ धूम्रपान र घूँवारहित सुर्तीको सेवनले सास गन्हाउँछ।
- ◆ धुम्रपान तथा सुर्तिजन्य पदार्थबाट आर्थिक सामाजिक सांस्कृतिक जीवनमा असर पार्नुको साथै स्वास्थ्य जीवनमा ठूलो नकारात्मक असर पार्दछ।
- ◆ धूम्रपान गर्नेका छोराछोरीको फोक्सोको कार्य क्षमता कमजोर हुन्छ र वयस्क अवस्थामा पुगे पछि उनीहरूलाई श्वास प्रश्वास सम्बन्धी दीर्घ समस्याले सताउँछ।

स्वास्थ्य सेवा निर्देशनालय
वीरेन्द्रनगर सुर्खेत

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

स्वास्थ्य सम्बन्धी जनहितमा जारी सन्देश

- मद्यपान, धुम्रपान र सुर्तिजन्य पदार्थ र अधिक नुन सेवनले उच्च रक्तचाप, श्वासप्रश्वास सम्बन्धी रोग, मुख तथा फोक्सोको क्यान्सर लगायतका स्वास्थ्य समस्याहरु हुनसक्ने भएकाले यसको सेवन नगरौ ।
- कम्तीमा वर्षमा १ पटक नियमित स्वास्थ्य परीक्षण गरौं जसको कारणले उच्च रक्तचाप, मधुमेह, मृगौलाको समस्या, क्यान्सर साथै अन्य नसर्ने रोगहरुको समयमा नै पहिचान भई रोगको जटिलताबाट समयमा नै बचाउन सकिन्छ । प्रदेश सरकारले स्थानीय तहसँगको सहकार्यमा संचालन गरेको नागरिक परिक्षण कार्यक्रममा सहभागी हौं ।
- ट्राफिक नियमको पालना गरौं, जथाभावी सडक पार नगरौ, जेब्रा क्रसिङ्बाट मात्र सडक पार गरौं साथै तीव्र गतिमा सवारी साधन नचलाऔं ।
- मानसिक तनावरहित जीवन जिउने अभ्यास गरौं र कुनै मानसिक समस्या आएमा तुरुन्त मनोसामाजिककर्तासँग परामर्श लिने गरौं ।
- तत्काल एम्बुलेन्स सेवा लिन टोलफ्रि नं. १०२ तथा आत्महत्याको सोच आएमा टोलफ्रि नं. १९६६ नम्बरमा परामर्श सेवा लिने गरौ. अस्पताल म्याक्सिन लगायत स्वास्थ्य सम्बन्धी विभिन्न सूचनाहरुका लागि टोलफ्रि नम्बर ११५ मा सम्पर्क गरौ ।
- बाल हेल्पलाइन १०९८ मा आकस्मिक उद्धार, मनोविमर्श, अल्पकालीन आश्रय तथा अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, पारिवारिक परामर्श, पारिवारिक सहयोग, कानूनी परामर्श, पारिवारिक पुनर्मिलन।
- मौसम अनुसारको फलफूल, हरियो सागसब्जी खाने गरौं, म्याद गुजेरेका लेभल नभएका खाद्य तथा पेय पदार्थको सेवन नगरौं ।
- स्वास्थ्य सम्बन्धी सेवा लिदा सरकारी वा इजाजत प्राप्त निजी स्वास्थ्य संस्थाबाट मात्र सेवा लिने गरौं ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
बेस्तडा, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तया समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने। १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ।

सरोकारवालाहरुले कार्यान्वयनमा सहयोग गर्नुपर्ने बालबालीकाका निम्न अधिकारहरु

- बाँच्न पाउने अधिकार
- नाम, राष्ट्रियता र पहिचानको अधिकार
- भेदभाव विरुद्धको अधिकार
- संरक्षणको अधिकार
- सहभागिताको अधिकार
- अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार
- संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार
- गोपनियताको अधिकार
- अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार
- पोषण तथा स्वास्थ्यको अधिकार
- खेलकुद मनोरञ्जन तथा सांस्कृतिक अधिकार
- शिक्षाको अधिकार

"बालबालिकाको अधकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने, सरोकारवालाहरुले आ-आफ्नो क्षेत्रबाट प्रभावकारी भूमिका निर्वाह गर्नु सबैको दायित्व हो "

जेष्ठ नागरिकको संरक्षण, र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, शिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्नु सबै सरोकारवालहरुको दायित्व हो।

उमेरजन्य विभेदको अन्त्य गरौँ जेष्ठ नागरिक विरुद्ध हुने दुर्व्यवहार अन्त्यका लागि तथ्यमा आधारित नीति र कार्यमा जोड दिउँ

शिक्षा विकाश निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

काँक्रेविहार मिडिया प्रा.लि. द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५, web : kankrebihar.com, Email : kankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस